# बाह्रबिसे नगरपालिकाको कार्यालय

## बाह्रबिसे, सिन्धुपाल्चोक

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन





सिन्धु साहित्यिक वाङ्मय प्रतिष्ठान्

सिन्धुपाल्चोक

# बाह्रबिसे नगरपालिकाको कार्यालयको आर्थिक वर्ष ०७९/०८०
# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

१. परिचय

१.१ पृष्ठभुमी

स्थानीय निकायकाहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागरीकबीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो। यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ। यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ। सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ। यसरी सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई निरन्तर नागरीकहरुप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ। यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ। यस प्रकृयालाई ध्यानमा राखि बाह्रबिसे नगरपालिकाको कार्यालयले सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा मिति २०८० जेठ ३१ गते सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम संयोजन र संञ्चालनको जिम्मेवारी सिन्धु साहित्यिक वाङ्मय प्रतिष्ठान्लाई दिईएको थियो।

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०७७ बमोजिम संयोजकले सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने सेवाग्राहीको अभिमत (बहिर्गमन अभिमत), सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी पृष्ठपोषण गर्ने पद्धति (नागरीक प्रतिवेदन पत्र) अनुसारको प्रतिबेदन र नागरीक वडापत्र ,गोप्य पेटिकाको आधारमा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको थियो।

उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य नागरीक र नगरपालिकाको बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको थियो। सार्वजनिक सुनुवाइ स्थानीय बासिन्दाको स्थानीय निकायको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन स्थानीय निकायहरुले गर्दै आएका छन्।

१.२ कार्यक्रमको उदेश्य

• सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

• नागरीकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने

• जवाफदेही संस्कार बसाउने

• न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा को एउटा सूचकांक पूरा गर्न

२. विधि

२.१ समन्वय तथा प्रचार प्रसार

पालिकाको कार्यालयका कर्मचारी तथा विषयगत कार्यालयहरुसँग समन्वय बैठक राखि कार्यकमको पूर्व तयारी तथा कार्यकमको जानकारी गराईको थियो। सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सुचना तथा पत्राचार गरिएको थियो।

२.२ सूचना तथा राय संकंकलन

क) बहिर्गर्ममन अभिमत

पालिकाको कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरीकमध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरी ३० जनालाई बहिर्गमन अभिमत सूचना संकलन - ( Exit poll र CRC ) गरिएको थियो। त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिने सबै ३० जनालाई सार्बजनिक सुनुवाईमा भाग लिन निमन्त्रणा दिइएको थियो।

ख) नागरीक प्रतिवेदन पत्र

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी बाह्रबिसे नगरपालिका वडा १,२,३ , ४ ,५ ,६ ,७ ,८ र ९ नम्बर वडाका ३० जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो। नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो। संकलित सूचनाको विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो। नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो।

ग) नागरीक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

नागरीक वडापत्रमा उल्लेख गरिएको समय तालिका अनुसार सेवा प्रवाह भए नभएको एकिन गरी त्यसबाट प्राप्त नतिजालाई सार्वजानिक सुनुवाईका दिन प्रस्तुत गरिएको थियो।

३. नतिजाहरु

३.१ वहिर्गर्ममन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमतका लागि छनोट भएका ३० जना मध्ये १५ पुरुष र १५ महिलाहरु थिए। त्यसैगरी नागरीक प्रतिवेदन पत्र(अचअ)मा सहभागी हुनेहरुमध्ये १० जना पुरुष तथा १५ जना महिला रहेका थिए।

३.२ बर्हिगमन अभिमतबाट प्राप्त प्रतिक्रिया

बहिर्गमन अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रस्तुत गरीएको अभिमतमा राम्रो अवस्था गर्नको लागि छैठौ प्रश्नको उत्तरमा अलि बढी काम गर्न जरुरी देखिन्छ।

| सि.नं.. | सेवाको नाम | सेवाको मूल्याङ्कन संख्यामा | |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के–कस्तो थियो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | ४ | ६ | |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | ४ | ५ | १ |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार | ठीकै | अभद्र/अमर्यादित |
| | | ७ | ३ | ० |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरू (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए ठीकै | अलमल्ल हुने गरी | अस्पष्ट सूचना दिए |
| | | ४ | ५ | १ |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | सजिलो तरिकाबाट | ठीकै | समाधान दिन सकेनन् |
| | | ४ | ५ | १ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति | सजिलो | (छोटो ठीकै लामो |
| | | २ | ६ | २ |

स्रोतः स्थलगत सर्वेक्षण, जेठ , २०८०

३.३ (crc)मा नागरीक पत्रमार्फत् प्राप्त प्रतिक्रिया र अवस्था

नागरीक पत्र अभिमतबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तुत गरीएको अभिमतमा राम्रो अवस्था गर्नको लागि पालिकाले कम आएको उत्तरमा अलि बढी काम गर्न जरुरी देखिन्छ ।

| सि.नं. | सेवाको | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १ | नाम सेवाको | तपाइँले यस कार्यालयबाट | सन्तुष्ट | ठीकै | असन्तुष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| | सन्तुष्टि | समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | २ | ६ | २ |
| २ | सेवा लिन जाँदा | कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३ | ६ | १ |
| ३ | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कक्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ४ | ६ | |
| ४ | कार्यालय | नियमित रुपमा( कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | १ | ३ | ६ |
| ५ | सेवा | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| | | | १० | | |
| ६ | सार्वजनिक चासो | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लाउने गरेको छ ? | दिन | थोरै दिन | धेरै दिन |
| | | | २ | २ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति कक्तिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठिकै | अविश्वस्त |
| | | | ३ | ५ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | यस कार्यालयले प्रदान सेवाको बारेमा अरुलाई कत्तिको जानकारी प्रचार गर्नुभएको छ ? | धेरै | ठीकै | गरेको छैन् |
| | | | ३ | ६ | १ |
| | | कार्यरत कर्मचारीप्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | |
| | | | ३ | ५ | |
| | | विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ? | छ | छैन् | अलिअलि |
| | | | ६ | १ | ३ |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको | सन्तुष्ट | कम सन्तुष्ट | विश्वास छैन् |
| | | जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुँन्छ ? | ४ | ६ | |
| | | कार्यालयमा आउदा कसको सहयोग लिनुभयो ? | ठूलाबडा | मध्यस्तकर्ता | आफै |
| | | | ८ | | २ |
| | | कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनुभयो ? | १ पटक | दुई पटक | सोभन्दा बढी |
| | | | १ | १ | ८ |
| ५ | सेवासम्बन्धी जानकारी | १, कार्यालयको भौतिक अवस्था के छ ? | अति राम्रो | ठीकै | नराम्रो |
| | | | २ | ६ | २ |
| | | २, कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाई जानकारी छ ? | छ | आशिंक | जानकारी छैन् |
| | | | २ | ३ | ५ |
| | | ३, कार्यालय र सेवाग्राहीबीच सम्बन्ध कस्तो छ ? | उत्कृष्ट | ठिकै | नराम्रो |
| | | | २ | ६ | २ |
| | | ४, पालिका तहमा चलाइने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिती कति प्रतिशत हुन्छ ? | २० प्रतिशत | ५० भन्दामाथि | थाहा छैन् |
| | | | १ | २ | ७ |
| | | ५,सभाबाट कानुन बनाउदा र कार्यपालिकामा | छ | ठीकै छ | साह्रै कम छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नीति,नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलको प्रतिनिधित्व भएको छ ? | ६ | २ | २ |
| ६ | नागरिक बडापत्र/उजुरी पेटिका | १, सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै | कम | छैन् |
| | | | ३ | ५ | २ |
| | | २, गापा ले नागरिक बडापत्रअनुरुप कति सेवा दिएको छ ? | धेरै | ठीकै | अति कम |
| | | | १ | ४ | ५ |
| | | ३, उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | मध्यम | छैन् |
| | | | ३ | ५ | २ |
| ७ | सिफारिस सम्बन्धमा | १,सिफारिसको लागि चाहिने कागजातबारे प्रष्ट जानकारी पाउनुभयो ? | पाए | ठिकै पाए | छैन् |
| | | | ७ | २ | १ |
| | | २, कुनै सिफारिसको लागि लाग्ने दस्तुरबाहेक अतिरिक्त रकम दिनुपर्‍यो ? | दिए | थोरै दिए | मागिएन् र दिइएन् |
| | | | १ | १ | ८ |
| | | ३, सिफारिस लिन कसको सहयोग लिनुभयो ? | आफै | मध्यस्तकर्ता | ठूलाबडा |
| | | | ८ | | २ |
| | | ४, राजस्व कोकसँग उठाउने गर्छन् ? | सबैसँग | सिमित व्यक्ति | आयको आधारमा |
| | | | १० | | |
| | | ५ , शुल्क ,सेवादस्तुर कोसँग उठाउने गदर्छन् ? | सेवाग्राहीसँग | कुनैकुनैसँग | |
| | | | १० | | |
| | ८, पूर्वाधार विकास, वातावरण र सरसफाई | १, कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? | राम्रो | ठीकै | खराब |
| | | | ८ | १ | १ |
| | | २, कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादनमा गुनासो गर्दा | तुरुन्तै | पटकपटक भनेपछि मात्रै | जतिभने पनि हुन्न |
| | | त्यसमाथि कारवाही कत्तिको भएको छ ? | ६ | ३ | १ |
| | | ३, तपाईको विचारमा | नियमित | ठीकै | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गापाले पूर्वाधारसम्बन्धी कार्यक्रम केकस्तो किसिमले गर्छ ? | | | गर्दैन् |
| | | | ६ | ४ | |
| | | ४, गापाको विकास निर्माणको अवस्था कस्तो छ ? | राम्रो | ठीकै | खराब |
| | | | ४ | ६ | |
| | | ५, पालिकामा संञ्चालित भएका योजना कत्तिको प्रभावकारी छन् ? | प्रभावकारी छन | ठीकै छ | छैनन् |
| | | | २ | ६ | २ |
| | | ६, स्थानिय सरकारमा आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | सहज | असहज | ठीकै |
| | | | ३ | | ७ |
| | | ७, पालिकाको आयोजना सम्पन्न भएपछि जांचपास गर्दा प्रविधिकहरुलाई रकम दिनुपर्छ ? | पर्दैन | मागेरै लिन्छन | रकम नदिए अप्ठयारो पार्छन्न |
| | | | ६ | २ | २ |

स्रोतः स्थलगत सर्वेक्षण, जेठ , २०८०

४.१ कार्यक्रमको विवरण

कार्यक्रमको सभाध्यक्षता : श्रीं बालकृष्ण बस्नेत , बाह्रबिसे नगरपालिका मेयर

कार्यक्रम स्थान : बाह्रबिसे खुर्सानीबारी, बाह्रबिसे नगरपालिकाको भवन

प्रमुख अतिथि : बालकृष्ण श्रेष्ठ ,जिल्ला समन्वय समिति प्रमुख

बिशेष अतिथिहरु : उपप्रमुख मंञ्जु तामाङ , प्रशासकिय अधिकृत सुष्मा केसी महत ,प्रवक्ता विमल पौड्याल ,वडाध्यक्ष, इलाका प्रहरी बाह्रबिसेका प्रहरी निरीक्षक मुकेश न्यौपाने ,वडासदस्य , कार्यपालिका सदस्य आदि ।

समय : ११ बजे देखि ३.३० सम्म

मितिः २०८० जेठ ३१ गते

२०८० जेठ ३१ गते बाह्रबिसे नगरपालिकाको खुर्सानीबारी कर्भड हलभित्र आयोजना गरिएको आर्थिक वर्ष ०७९/८० सार्वजनिक सुनुवाई कार्यकम बाह्रबिसे नगरपालिकाका प्रमुख बालकृष्ण बस्नेतको अध्यक्षतामा सम्पन्न भयो । पानसमा बत्ती बाल्दै सार्वजनिक सुनुवाइको प्रमुख अतिथि जिसस प्रमुख बालकृष्ण श्रेष्ठ र नगरप्रमुखले उदघाट्न गर्नुभएको थियो । कार्यकम तालिकाअनुसार वरिष्ठताको आधारमा सभाध्यक्ष बस्नेत, अतिथि उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य ,वडासदस्यसहित पत्रकार तथा अतिथिहरुको आशन ग्रहण गराइएको थियो । स्थानीय सरोकारवाला , उपस्थित जन समुदायलाई पालिकाको तर्फबाट स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा आ.व. २०७९/०८० को बार्षिक योजना तथा बजेटको बारेमा विस्तृत जानकारी गराउनु भएको थियो । मेयर ,उपमेयर ,प्रशासकिय अधिकृतले पालिकाको बार्षिक योजना तर्जुमा गर्ने प्रकृया तथा योजना छनौटका आधारहरुको बारेमा जानकारी गराउनु भएको थियो । भने नगरका प्रवक्ता तथा बाह्रबिसे नगरपालिका वडा ८ का अध्यक्ष विमल पौड्याललले नगरको प्रगती विवरण सार्वजनिक गरे । दोस्रो चरणको कार्यकमको संयोजनको जिम्मा पाएको सिन्धु साहित्यिक वाङ्मय प्रतिष्ठान्का अध्यक्ष रमेश पौड्याललले सार्वजनिक सुनुवाई कार्यकमको उदेश्य र कार्यकमको आचार संहिता बारेमा जानकारी गराउनु भएको थियो । कार्यकममा बर्हिगमन र नागरीक प्रतिवेदनबाट आएको परिणमको साराशं प्रस्तुती गरेको थियो ।

कार्यकमको तेस्रो चरणमा प्रश्नोउत्तर कार्यकमको सचांलन गरीएको थियो । कार्यकमका संचालकसमेत् रहेका संञ्चारकर्मी चित्र मिजारले सहभागी हरुलाई प्रश्न सोध्न भन्नु भएको थियो । हात उठाएकाहरुलाई क्रमश सबैलाई प्रश्न सोध्ने मौका प्रदान गरीएको थियो । महिला , पुरुषहरुले आआफना प्रश्नहरु राखेका थिए । तपशिल बमोजिमका व्यक्तिहरुले प्रश्न सोधे र उत्तर नगरप्रमुख , उपप्रमुख ,वडाध्यक्ष र प्रशासकिय अधिकृतले दिएका थिए । तपशिल बमोजिमका व्यक्तिहरुले प्रश्न सोधेर उत्तर विषयगत कार्यालय तथा पालिका प्रमुखलाई दिएका थिए । बाह्रबिसे नगरपालिकाका मेयर बालकृष्ण बस्नेत , उपप्रमुख ,प्रशासकिय अधिकृत सुस्मा केसी महत ,बाह्रबिसे नगरका प्रवक्ता तथा वडा ८ का अध्यक्ष विमल पौड्याललले स्थानीयको प्रश्नको जवाफ दिएका थिए । यसअधिदेखि साहित्य र सामाजिक क्षेत्रमा सक्रिय बन्दै आइरहेको सिन्धु साहित्यिक वाङ्मय प्रतिष्ठानले ०७७ सालको सार्वजनिक सुनुवाई कार्यविधिअनुरुप बाह्रबिसे नगरको १ देखि ९ वडाभर पुगेर केही समयअघि बर्हिगमन अभिमत संकलन र नागरिक प्रतिवेदनबारे अनुसन्धानत्मक तंथ्याक संकलन गरेको थियो । गोप्य पेटिका राखेरपनि सूचना जम्मा पारिएको थियो । त्यही सूचना तथा संकलित तंथ्याक सुनुवाईमा स्थानीयमाझ सार्वजनिक गरिएको थियो । जसमा बाह्रबिसे नगरले गरेको १२ कक्षासम्म निशुल्क ,आठसम्म दिवा खाजा ,स्थानीय पाठ्यक्रमजस्ता उत्कृष्ट अभियान भएको भन्दै स्थानीयले प्रशंसा गरेका थिए । कृषि एम्बुलेन्स ,शववाहन ,निशुल्क एम्बुलेन्स , किचेन गार्डेनजस्ता उदाहरणिय अवधारणा भएको सकरात्मक पक्ष अध्ययनमा देखिएको बाह्रबिसे नगरकी प्रशासकिय अधिकृत सुस्मा केसी महताले जानकारी दिनुभएको छ । केही सुधारनुपर्ने पक्ष भेटिएको छ । सुधार गर्नुपर्ने विषयअर्न्तगतमा शिक्षा क्षेत्रमा गुनासो व्यापक भेटिएको थियो । गोप्य पेटिका जिल्ला समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठले खोलेर लेखिएका गुनासा मेयर, उपमेयर, जनप्रतिनिधिसहित अन्य स्थानीयलाई पढेर सुनाउनुभएको थियो ।

| प्रश्नकर्ताको नाम तथा ठेगाना | सहभागीको सल्लाह, सुझाव तथा गुनासो | जवाफ दिने पदाधिकारीको नाम तथा पद | संक्षिप्त जवाफको व्यहोरा |
|---|---|---|---|
| रत्न कुमारी तमाङ बाह्रबिसे नगर ६ | जुरे कसर अध्ययन गर्नुहोस् । यसबाट भएको असरबारे तपाईको जवाफ के छ ? | मेयर बालकृष्ण बस्नेत | एक वर्षअघि भएको नगरको निर्णयअनुसार दोहनको काम भइरहेको रहेछ । यसमा समस्या देखेर हामीले निराकरणको लागि कार्ययोजना बनाइरहेका छौ । कसरलाई नियमन गर्न हरसंम्भव प्रयाशरत छौ । |
| रामचन्द्र पौडयाल बाह्रबिसे नगर ८ | घुडेका किचेन गार्डेन बनाउनुभएकोमा धेरै धन्यवाद ,अरु विद्यालयमा कहिले बन्छ ,यहा घेरबार गर्नुपर्ने देखियो , जंगली जनावरको डर छ, घुडेका शौचालय र सरफाई अभियानको आवश्यकता छ ,त्यो कहिले समाधान हुन्छ ? | मेयर बालकृष्ण बस्नेत | घुडेको सफलतापछि हामीले नगभरका विद्यालयमा एक विद्यालय एक किचेन गार्डेनको अवधारणा ल्याएर काम गरिरहेका छौ । घुडेको विद्यालयको लागि घेरबार ,शौचालय अन्य समस्या निराकरण गर्न हामी लागिरहेका छौ । |
| क्विसान शेर्पा बाह्रबिसे नगर ५, गाती | एम्वुलेन्स , सडक मा हालेको २० लाख कता हरायो ? | प्रशासकिय अधिकृत सुष्मा केसी महत | कतै हराएको छैन् ,बिना प्रमाण नबोल्नुहोला । बजेटअनुरुप काम अघि बढ्दैछ । हामी त्यसमा काम गरिरहेका छौ । |
| निसान श्रेष्ठ बाह्रविसे नगर ३ ,धार्पा | अहिले सम्म कलाकारीता क्षेत्रमा के गर्नु भयो ? | मेयर बालकृष्ण बस्नेत | यो विषयमा बजेट राखेर कार्ययोजना बनाउने चरणमा छौ । |

| | | | |
|---|---|---|---|
| सानुमाया श्रेष्ठ बाह्रबिसे नगर ४ | प्रगती विवरण वितरण किन भएन ? | मेयर बालकृष्ण बस्नेत | प्रगती विवरण वितरण भएको छ । हजुरले नपाउनुभएको होला । नगरका कर्मचारी साथीसंग सम्पर्क गर्नुहोस् । |
| कपिल पाखीन बाह्रविसे नगर ३ | दमकल एम्बुलेन्स संचालन बारे जवाफ दिनुहोस् मेयर साब । | मेयर बालकृष्ण बस्नेत | यसबारे काम हुदैछ । बजेट राखेका छौ । |
| साङवो तमाङ बाह्रबिसे नगर ८ | उपमेयर कै घर बाट तिन जना लाई जागीर ? | उपमेयर मंञ्जु तामाङ | सबै कुरालाई नकरात्मक नजरबाट हेर्नु भएन यसमा व्यवहारिक तथ्य छन् । |

४.२ सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तंथां त्यसको जवाफ

कार्यक्रमको समापन सत्रमा कार्यक्रमका सभाध्यक्ष नगर प्रमुख बालकृष्ण बस्नेतज्युले लामो समयदेखिको समस्यालाई निराकरण गर्दै विकास गर्न प्रयासरत रहेको बताउनुभएको छ । नागरीकहरुबाट आएका राम्रा राम्रा सल्लाह तथा सुझावलाई आत्मसाथ गरी अगामी दिनहरुमा योजनाबद्ध तरीकाले कार्यक्रमहरु संचालन गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो । नगर परिषदबाट पारित योजनाहरुलाई प्राथमिकताको आधारमा पुरा गर्ने बताउनुभयो । गापाका प्रशासकिय अधिकृत सुष्मा महत केसीले गापाका पाँच प्रतिबद्धता पढेर सुनाउनुभएको थियो ।
सो सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य नागरीक र नगरपालिकाका बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको छ । सार्वजनिक सुनुवाइ नगरवासीहरुको नगरपालिकाको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो ,
जुन नगरपालिकाले गर्दै आएको छ ।

| क्र.सं. | मूख्य सवालहरु | नगरपालिकाले व्यक्त गरेकेका प्रतिबद्धताहरु |
|---|---|---|
| १ | सडकको दुरअवस्था र बजेट | स्तरोउन्नती गर्दै जाने योजना रहेको छ । |
| २ | शिक्षाक्षेत्र र विद्यालय | गापाभरका रहेका विद्यालयमा निशुल्क शिक्षा र शैक्षिक सुधारका अनेक प्रयास भइरहेको छन् । जुन अभियानमा १२ सम्म परीक्षा शुल्क नलिने |

| | | |
|---|---|---|
| | | निर्णयलाई कार्यान्वयन गराउन आवश्यक अध्ययनमा नगर जुटेको छ । |
| ३ | सरसफाई | सरसफाईको समस्यालाई पालिकाले गम्भिरताको रुपमा लिएको छ । आउने दिनहरुमा सरसफाईको समस्यालाई हामी सबै मिलेर समाधान गर्नु पर्छ । यस कार्यमा आवश्यक योजना बनाई सकेको र छिटै त्यसको कार्यान्वयन गरीने विश्वास दिलाउन चाहन्छु । |

यस सार्वजनिक सुनुवाई कार्यक्रमका लागि बहिर्गमन अभिमत र नागरीक प्रतिवेदन पत्रको तयारीको सम्बन्धमा आफ्नो मत दिनुहुने सेवाग्राहीहरु, कार्यक्रममा उपस्थित भएर जिज्ञासा, सुझाव दिनुहुने वासी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, गाउँपालिका प्रमुख , उपप्रमुख ,वडाध्यक्षहरु, कार्यलय प्रमुख, पत्रकार र उपस्थित सर्वसाधारण सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौ । उक्त सार्वजनिक सुनुवाइमा कार्यक्रममा उठेका सवालहरुको सम्बन्धमा गरिएका प्रतिबद्धताहरु पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौ ।

| | |
|---|---|
| ७ | **राम्रा लागेका कुराहरु**<br><br>१, १२ सम्म निशुल्क<br>२, आठसम्म दिवा खाजा<br>३, समयमा कार्यसम्पादन<br>४, जनप्रतिनिधिको जवाफदेहिता<br>५,मेयर आफ्नो तलबभत्ताले पीडितलाई र वडाध्यक्ष विमल पौड्यालले विद्यालयलाई कम्युटर किनिदिइरहेको काम ।<br>६ , कृषि एम्बुलेन्स, दमकल,निशुल्क एम्बुलेन्स , नगरको स्थानीय आफ्नै पाठ्यक्रम । |
| | **सुधार गर्नुपर्ने विषयहरु**<br><br>१, सार्वजनिक सुनुवाई बाहिर गर्नुपर्ने<br>२,कर्मचारी उपस्थिती र शिक्षा, प्रशासनका कर्मचारीको रुखो व्यवहार ।<br>३, जनप्रतिनिधिको फोन नउठ्ने समस्या ।<br>~~४, कार्यक्रममा कर्मचारीनै बसेको देखिएन ।~~<br>५,विद्युत व्यवस्थापन<br>६, आर्थिक विवरण सार्वजनिक |

अनुसुचीहरु

अनुसुची -१ कार्यक्रममा उपस्थितहरु र त्यसको माइन्यूट

स्रोत : बाह्रबिसे नगरपालिकासँग छ ।

अनुसुची ३ : कार्यक्रम प्रकाशित पत्रिकाको छाया प्रतिलिपी

रातोपाटी न्यूज
www.ratopatinews.com
जवाफदेही पत्रकारिता

# बाह्रबिसे नगरको सार्वजनिक सुनुवाइ सम्पन्न : गोप्य पेटिका नागरिक प्रतिवेदन सङ्कलन

Ratopati News  १ असार २०८०, शुक्रबार २१:४४



अनुसुची ३ : कार्यक्रमका झलकहरु



